## ○ राष्ट्रिय स्वास्थ्य बीमा भनेको के हो?

### १. राष्ट्रिय स्वास्थ्य बीमा प्रणाली

राष्ट्रिय स्वास्थ्य बीमाको कुल रकम प्रत्येक नगरपालिकाले वर्षको लागि अनुमानित चिकित्सा खर्चबाट सरकारी अनुदान र अस्पतालहरूबाट सह-भुक्तानीहरू घटाएर हिसाब गर्छ। यो निम्न तीन भागमा बिभाजित गरि र त्यो भागहरु संयोजन गरेर प्रत्येक परिवारको राष्ट्रिय स्वास्थ्य बीमा रकम निर्धारण गरिन्छ।

| | |
|---|---|
| आय प्रतिशत | घरायसी आय अनुसार |
| प्रतिव्यक्ति दर | परिवारको सदस्य संख्या अनुसार |
| समानता दर | प्रति परिवार कति हो भन्ने अनुसार |

* संयोजनहरू नगरपालिका अथवा बसोबासको शहरको आधारमा भिन्न हुन्छन्।
* यदि तपाईं ४० र ६४ वर्षको बीचमा हुनुहुन्छ भने, तपाईंले नर्सिङ हेरचाह बीमा रकम पनि तिर्नुपर्नेछ।

### २. राष्ट्रिय स्वास्थ्य बीमा कर तिर्दा सावधानीहरू

・राष्ट्रिय स्वास्थ्य बीमा कर प्रत्येक वर्ष गणना गरिन्छ।
・राष्ट्रिय स्वास्थ्य बीमा कर तिर्न प्रत्येक घरको प्रमुखको जिम्मेवारि हुन्छ। (परिवारको प्रमुखले कार्यालएको स्वास्थ्य बीमामा नामांकन गरेको भए पनि, यदि परिवारका कुनै सदस्यहरू राष्ट्रिय स्वास्थ्य बीमा प्रणालीमा भर्ना भएमा, घरको प्रमुखले, सैद्धान्तिक रूपमा, उक्त नामांकनको लागि बीमा कर तिर्नेछ।)
・राष्ट्रिय स्वास्थ्य बीमाको लागि आफ्नो आवेदन पेश गर्न ढिलो गर्नुभयो भने पनि, तपाईंले नामांकन गर्न योग्य भएको महिनामा राष्ट्रिय स्वास्थ्य बीमा पूर्वव्यापी रूपमा तिर्न सक्षम हुनुहुनेछ।
・ यदि तपाईंले आर्थिक वर्षको मध्यमा राष्ट्रिय स्वास्थ्य बीमामा नामांकन गर्नुभयो भने, तपाईंले दर्ता गरेको महिनादेखि राष्ट्रिय स्वास्थ्य बीमा कर तिर्नु हुनेछ।
・ यदि तपाईंले आर्थिक वर्षको मध्यमा राष्ट्रिय स्वास्थ्य बीमाको सदस्यता फिर्ता गर्नुभयो भने, तपाईंले आफ्नो कभरेज बन्द गरेको महिना अघिको महिनाको लागि राष्ट्रिय स्वास्थ्य बीमा तिर्नुपर्नेछ।

### ३. राष्ट्रिय स्वास्थ्य बीमा कसरी तिर्ने

दुईवटा भुक्तानीका विधिहरू छन्: कर सूचनाहरू र बैंक खाताहरूबाट सङ्कलन (सामान्य सङ्कलन), र पेन्सन कोषबाट सङ्कलन (विशेष सङ्कलन)। कृपया ध्यान दिनुहोस् कि विशेष सङ्कलनको लागि निम्न सर्तहरू पूरा गर्नेहरूलाई मात्र लागू हुनेछ।

१. जसको निवृत्तिभरण लाभ रकम प्रति वर्ष १८०,०० येन वा सोभन्दा बढी छ
२. राष्ट्रिय स्वास्थ्य बीमा परिवारमा जहाँ राष्ट्रिय स्वास्थ्य बीमाका सबै सदस्यहरूको उमेर ६५ वर्ष नाघेको छ र परिवारको प्रमुखले राष्ट्रिय स्वास्थ्य बीमामा दर्ता गरि निवृत्तिभरण भत्ता पनि प्राप्त गरिरहेको छ।
३. दीर्घकालीन हेरचाह बीमा प्रिमियमहरूको विशेष सङ्कलनका लागि योग्य व्यक्तिहरू
४. जसको दीर्घकालीन हेरचाह बीमा प्रिमियम र राष्ट्रिय स्वास्थ्य बीमाको कुल रकम निवृत्तिभरण भत्ता रकमको आधा रकम भन्दा कम छ।

☆ राष्ट्रिय स्वास्थ्य बीमा कर भुक्तानीको लागि, भुक्तान गर्न नबिर्सन "बैंक खाताबाट भुक्तानि" प्रयोग गर्न सजिलो छ। प्रक्रियाहरूको लागि, कृपया तपाईंको नगरपालिकाले तोकेको वित्तीय संस्थालाई सम्पर्क गर्नुहोस्।

### ४. यदि राष्ट्रिय स्वास्थ्य बीमा तिर्न असफल हुनुभयो भने

यदि कुनै विशेष कारण बिना आफ्नो राष्ट्रिय स्वास्थ्य बीमा तिर्न असफल हुनुभयो भने, निम्न उपायहरू लिइनेछ, त्यसैले निश्चित मिति भित्र आफ्नो राष्ट्रिय स्वास्थ्य बीमा तिर्न नभुल्नुहोल।

१. यदि बिमा तिर्ने अन्तिम म्याद बितिसकेको छ भने, रिमाइन्डर पठाइनेछ।
२. यदि तपाइँ एक वर्ष भन्दा बढीको लागि बक्यौतामा हुनुहुन्छ र अस्पतालमा चिकित्सा उपचार प्राप्त गर्नुहुन्छ भने, पहिले तपाइँले चिकित्सा खर्चको पूर्ण रकम (१००%) तिर्नुपर्नेछ, र त्यसपछि राष्ट्रिय स्वास्थ्य बीमा काउन्टरमा आवेदन दिई अस्पतालमा तिरेको बीमा रकम फिर्ता प्राप्त गर्न सक्नुहुनेछ । थप रूपमा, यदि तपाईंसँग दीर्घकालीन हेरचाह बीमा अन्तर्गत श्रेणी २ बीमा गरिएको व्यक्ति हुनुहुन्छ भने, तपाईंको दीर्घकालीन हेरचाह बीमा लाभहरू सीमित हुन सक्छन्।
३. यदि तपाइँले १ वर्ष ६ महिनाको बीमा तिर्नुभेको छैन भने, तपाइँको बीमा लाभहरूको सबै वा आंशिक निलम्बन गरिनेछ।

### ५. यदि जापानी भाषा बुझ्नु हुंदैन भने

विदेशी भाषा सिटी हल वा स्थानीय कार्यालयहरूको काउन्टरहरूमा उपलब्ध नहुन सक्छ। परामर्श वा प्रक्रियाको लागि आउँदा, कृपया सम्भव भएमा जापानी भाषा बोल्न सक्ने व्यक्तिलाई साथमा ल्यानुहोला।




【ネパール語（Nepali)】All Rights Reserved Copyright 栃木県国民健康保険団体連合会